# माडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बसन्तपुर, चितवन

**सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५(३)**

**र**

**नियमावलीको नियम ३ बमोजिम**

**सार्वजनिक गरिएको विवरण**

*अफिसियल वेबसाइट :- www.madimunchitwan.gov.np*

*अफिसियल इमेल : dms.maddimun@gmail.com*

*अफिसियल फेसबुक :- हेल्लो माडी नगरपालिका*

*फोन नम्बर :- 9855049306 / 9855048306 / 9855050306*

CamScanner

सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

१) सूचना सार्वजनिक गर्ने निकायको नाम

माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

२) सूचना सार्वजनिक गरेको अवधि

तेस्रो त्रैमासिक - (माघ, फाल्गुण र चैत्र) आ.व.: २०८२/०८३

३) कार्यालयको स्वरुप र प्रकृति

- साविकका ४ वटा गा.वि.स.हरु अयोध्यापुरी, माडी कल्याणपुर , बघौडा र गर्दीलाई समेटेर वि.सं. २०७३ सालमा माडी नगरपालिका घोषणा भएको
- यसको सिमानामा पूर्वमापर्सा जिल्ला, पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमाचितवन राष्ट्रिय निकुञ्ज र दक्षिणमा पर्सा जिल्ला र भारत
- भौगोलिक अवस्थिति अनुसार यस नगरपालिका ८४ डिग्री १५ मिनेट २० सेकेण्ड देखि ८४ डिग्री ३२ मिनेट ३३ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको र २७ डिग्री २१ मिनेट, १६ सेकेण्ड देखि २७ डिग्री ३० मिनेट ४९ सेकेण्ड उत्तरी अक्षांस सम्म फैलिएको क्षेत्रफल २१८.५२ वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको उत्तर दक्षिणको लम्वाई २९.११ कि.मि.
- माण्डव्य ऋषिले यस भूमीमा तपस्या गरेर यहाँका वासिन्दाहरुलाई मार्ग दर्शन गर्नु भएको र माण्डव्य ऋषिको तपस्थली भएकाले माडी भनिएको भन्ने किम्वदन्ती
- यहाँका आदीवासी थारुहरुले आफ्नो भाषामा पानी जमेको स्थानलाई माड् भन्ने गरेका र माडी उपत्यका भित्र पानी जमेको देखेर थारुहरुले माड्-माड् भन्दै आउदा माडी नाम रहेको आदीवासी थारुजातीका बुढापाका, बुद्धिजिवीहरुको कथन रहेको

४) काम, कर्तव्य र अधिकार

- सहकारी संस्था व्यवस्थापन
- स्थानीय कर सेवा शुल्क र दस्तुर
- एफ एम् सञ्चालन
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक संकलन अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना र परियोजना
- आधारभूत र माध्यामिक शिक्षा

प्रविण भण्डारी
सूचना अधिकारी

CamScanner

- आधारभूत स्वास्थ्य तथा सरसरफाई
- स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक ग्रामिण सडक कृषि सडक र सिंचाई
- नगर सभा मेलमिलाप तथा मध्यस्तताको व्यवस्थापन
- बेरोजगार तथ्यांक संकलन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण
- कृषि तथा पशुपालन कृषि व्यवस्थापन पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक अपागंता भएका व्यक्ति र अशक्तको व्यवस्थापन
- कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण
- खानेपानी तथा वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार वन्यजन्तु खानी तथा खनीज पदार्थको संरक्षण
- भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास
- नगर प्रहरी व्यवस्थापन

५) कार्यालय (स्वास्थ्य संस्थाहरुमा समेत) मा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र.स. | कार्यालय | स्थायी कर्मचारी | करार कर्मचारी | दैनिक ज्यालादारी | कूल |
|---|---|---|---|---|---|
| १ | माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय | ३५ | ४६ | २३ | १०४ |
| २ | बघौडा अस्पताल | २२ | २६ | ० | ४८ |
| ३ | अन्य स्वास्थ्य संस्थाहरु | १७ | ३१ | ६ | ५४ |
| ४ | कूल | ७४ | १०३ | २९ | २०६ |

६) निकायबाट प्रदान गरिने सेवा

नागरिक वडापत्र, २०७९/८० अनुसार

७) निर्णय गर्ने प्रक्रिया र अधिकार

नगर सभा - नगर कार्यपालिका - विषयगत समिति - विषयगत शाखा तथा वडा कार्यालय

प्रविण भण्डारी
सूचना अधिकारी

८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

सम्बन्धीत शाखाको शाखा प्रमुख

शाखा प्रमुखबाट समेत चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकाको समग्र विषयवस्तु - नगर प्रमुख

न्यायिक विषय - नगर उप-प्रमुख

९) सम्पादन गरेको कामको विवरण

मूल दर्ता चलानी किताव

कूल दर्ता:३७५४

कूल चलानी:२४२४

पञ्जिकरण तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| जन्मदर्ता : | पुरुष | ४२९ | महिला | ३८४ | कुल ८१३ |
| मृत्यूदर्ता : | पुरुष | १७२ | महिला | १३० | कुल ३०२ |
| सम्बन्धविच्छेद : ६४ | | | | | |
| विवाहदर्ता : ३४३ | | | | | |
| बसाई सरी आएका : | | १२१ | परिवार | २८७ | जना |
| बसाई सरी गएका : | | २१७ | परिवार | ५७७ | जना |
| जम्मा घटना दर्ता : | | १८६० | | | |

न्यायिक समिति एवम् मेलमिलाप तर्फ

दर्ता भएका उजुरी - १६२ मेलमिलाप भएका - १०३

मेलमिलाप नभएका - १३ लगतकट्टा - ३ मालपोत पठाइएको जग्गा रोक्का - १३

न्यायिक समितिको ईजलास कक्ष स्थापना भई सञ्चालनमा ल्याईएको ।

नगरपालिका तथा वडाका मेलमिलाप समितिलाई सक्रिय बनाई छिटो उजुरीको कार्यान्वयन हुने व्यवस्था मिलाईएको ।

संस्थागत विकास तथा सुशासन तर्फ

- समग्र माडी नगरपालिकाको पर्यटकीय सम्पदा महत्व होमस्टे व्यवस्थापन अतिथि व्यवस्थापन सहितको डिजिटल पर्यटकीय पोर्टल Explore Madi (www.exploremadi.org) लाई सञ्चालनमा ल्याईएको ।
- जनप्रतिनिधिहरु र शाखा प्रमुखहरुको लागि स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली LGPAS सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको ।

प्रविण भण्डारी
सूचना अधिकारी

CamScanner

- १७ औं नगरसभा सम्पन्न भएको नगर प्रहरी सम्बन्धी ऐन पारित भई नगर प्रहरीको भर्ना प्रक्रिया सुरु भएको ।
- ६ वटा कार्यपालिका बैठक सम्पन्न भई विभिन्न निर्णयहरु भएको र वेभसाईटमा अध्यावधिक भएको ।
- विघ्रुतिय हाँजिरी नगरपालिका तथा अन्तर्गतका सबै शाखा कार्यालय, वडा कार्यालय, वघौडा अस्पताल तथा स्वास्थ्य संस्थामा पूर्ण रुपमा लागू गरिएको

योजना तथा पूर्वाधार विकास तर्फः

- कालोपत्रे सडक निर्माणका लागि ५.८३ कि.मि. सडकको सब-वेश तथा वेश तयार भएको र सडक ग्रावेल तथा स्तरोनन्ति तर्फ ७.४२ कि.मि. लम्बाईको कार्य सम्पन्न भएको,
- ४ नं वडा कार्यालयको भवन निर्माण सम्पन्न गरि सोही भवनबाट प्रशासानिक सेवा प्रारम्भ सुरुवात,
- विधालय भवनतर्फ ३ वटा भवन निर्माणधिन अवस्थामा,
- स्वास्थ्य संस्थाको भवनतर्फ २ वटा भवन निर्माण सम्पन्नको अन्तिम चरणमा,
- हालसम्म ५ वटा कल्भर्ट / कजवे निर्माण सम्पन्न भएको,
- सिंचाई कुलो लाईनिंगतर्फः आर सी सी कुलो ७५६ मिटर र पाईप लाईनिंग ६१३ मिटरको कार्य सम्पन्न,
- सडक नाला १८३९ मिटर लम्बाई बराबरको कार्य सम्पन्न,
- विपन्न वर्गको लागि ४ जना परिवारको आवास निर्माण,
- जंगली जनवारवाट सुरक्षाको लागि ७९१ मिटर लम्बाईको मेष जाली निर्माण सम्पन्न,
- ५ वटा विधालयको पूर्वाधार निर्माण मर्मत तथा स्तारोनतीको कार्य सम्पन्न,
- १७ स्थानमा सामुदायीक र सांस्कृतिक पूर्वाधार निर्माण, मर्मत तथा स्तरोन्नति कार्य सम्पन्न
- यस आ.व. मा हालसम्म ६० घरधुरीलाई खानेपानीको सेवा पहुँच गरिएको,
- ग्यावियन बक्ससहित १९२ मिटर लम्बाई खोला नियन्त्रण कार्य सम्पन्न
- ५ कि.मि. लम्बाई सडकमा सडक बती बिस्तार कार्य सम्पन्न

कृषि तर्फ

- वडा नं. १, २, ४, ७, ८ र ९ मा माटोको नमूना सङ्कलन सम्बन्धी १ दिने अभिमूखीकरण कार्यक्रम सम्पन्न । साथै माटो परिक्षणका लागि आवश्यक रसायन तथा सामाग्रीहरु खरिद प्रक्रियामा रहेको ।
- कृषकस्तर जलवायु मैत्री कृषि प्रणाली सम्बन्धी र व्यवसायिक योजना निर्माण सम्बन्धी तालिम सम्पन्न ।
- मागमां आधारित कृषि कार्यक्रमको सम्झौता भई कार्यान्वयनको चरणमा रहेको ।
- कृषि शाखा वाट प्रदान हुने प्राविधिक तथा प्रशासनिक सेवालाई गुणस्तरीय र पहुचयोग्य बनाउने साथै कृषकहरुलाई वितरणको लागि विषादी खरिद प्रक्रिया अगाडी बढेको ।
- आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता (धान तथा मकै वाली) कार्यक्रम संचालनमा रहेको ।

प्रविण भण्डारी
सूचना अधिकारी

- तरकारी तथा फलफूल प्रबर्द्धन कार्यकम सम्झौता भई कार्यान्वयनको अवस्थामा र केही सम्झौताको चरणमा ।
- मागमा आधारित कुलो लाइनिङ्ग तथा पाइप लाइनिङ्ग कार्यक्रम सम्झौताको चरणमा ।
- खाद्यान बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रमको सूचना प्रकाशन भई आवश्यक धानको बीउ माग संकलन कार्य जारी रहेको ।
- हालसम्म १०० जनाभन्दा बढी कृषकहरूले शाखामा कृषि बालीको नमूना ल्याई सेवा लिएका छन्। ती कृषकहरूलाई शाखाबाट रोग तथा किराको निदान र खेती प्रविधिसम्बन्धी प्राविधिक सेवा प्रदान गरिएको छ। साथै, कृषि प्राविधिकहरू स्वयं कृषकहरूको खेतबारीमा पुगेर उत्पन्न समस्याहरूको स्थलगत अवलोकन गरी आवश्यक प्राविधिक सुझावहरू प्रदान गर्दै आएको ।
- कृषकसँग कृषि प्राविधिक कार्यक्रम अन्तर्गत इन्छुक कृपक समूह/कृषि सहकारीहरुको लागि आवश्यक तालिम माग गर्न सूचना प्रकाशन गरिएको ।

पशुपछी तथा मत्स्य विकास तर्फ

- दुधमा अनुदान प्रति लि. रु ४ का दरले १२ वटा दुग्ध उत्पादक समूह / सहकारीलाइ रु ४८,३४,२९६.४ भुक्तानी भैसकेको ।
- अनुदानका कार्यक्रमहरु सम्झौता भइ भुक्तानीको क्रममा रहेको ।
- २०३ सडक कुकुरको बन्ध्याकरण कार्यक्रम सम्पन्न भएको।
- विभिन्न संघ संस्थासंगको साझेदारीमा ६ वटा उन्नत जातको पाडा वितरण कार्यक्रम सम्पन्न भएको।
- ३० किसानको ३३ पशु बराबर सुत्केरी भत्ता वितरण गरिएको।
- १६८ किसानलाइ खोरेत रोग सम्बन्धि अभिमुखीकरण गरि नगर भित्रका ६३०४ गाइ भैसी मा खोरेत बिरुद्धको खोप लगाएको
- चैत्र मसान्त सम्म ४९३४ किसानको ४३६३८ पशुपन्छी तथा मत्स्य लाई उपचार तथा अन्य सेवा प्रदान गरिएको

शिक्षा तर्फ

- नियमित रुपमा शिक्षक तथा कर्मचारीको मासिक तलब भत्ता निकासा
- आधारभूत तह उत्तीर्ण परीक्षालाई केन्द्रिकृत गरि चलाइएको
- गुणस्तरीय सेनिटरी प्याडको न्यायोचित वितरण
- कक्षा ३ र ५ को स्तरकृत परीक्षा सञ्चालन गरिएको
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरी सम्पन्न गरिएको

प्रविण भण्डारी
सूचना अधिकारी

CamScanner

स्वास्थ्य तर्फ

- माडी नगरपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गत त्रैमासिकमा जम्मा २५ हजार ५ सय ५२ जना सेवाग्राहीहरुलाइ सेवा दिइएको।
- माडी नगरपालिका अन्तर्गत रहनु भएका ३८ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मार्फत ३ हजार ४ सय ४० जना सेवाग्राहीहरुलाई सेवा दिइएको।
- माडी नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा वाल स्वास्थ्य सेवामा स्वास्थ्यकर्मी को क्षमता अभिवृद्धिको लागि जनस्वास्थ्य कार्यालय चितवनको समन्वयमा CBIMNCI स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको ।
- हरेक महिनाको १० गते देखि १२ गते सम्बन्धित वडाका स्वास्थ्य संस्था तथा बाह्य खोप केन्द्र बाट वालवालिका र गर्भवती महिलाकालागि नियमित खोप सेवा संचालन भईरहेको ।
- पूर्णखोप नगरपालिका घोषणाको लागि सम्पूर्ण स्वास्थ्य संस्था बाट घरधुरी सर्वेक्षण कार्यक्रम सम्पन्न भएको ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत आधारभुत स्वास्थ्य सेवा केन्द्र हनुमानझुलामा २० जना गर्भवती महिलालाई सेवा प्रदान गरिएको ।
- पाठेघर मुखको क्यान्सर विरुद्धको HPV खोप अभियान संचालन गरि ३४७ जना कक्षा ६ अध्ययन गर्ने छात्रालाई HPV खोप सेवा दिईएको ।
- मृगौला प्रत्यारोपण गरेका, डायलायसीस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार खर्च बापत मासिक रु ५०००/- दरले उपलब्ध गराइने रकम ११० जना बिरामीहरुलाई जम्मा रकम रु. १६,२०,०००/- भुक्तानी गरियो ।
- विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत ८ जना बिपन्न बिरामीहरुलाइ निशुल्क उपचार सेवाका लागि सिफारिस गरिएको ।
- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत ४ ओटा बर्थीङ सेन्टरबाट ७४ जना आमाहरुलाई सुरक्षित मातृत्व सेवा प्रदान गरेवापत जम्मा रकम रु ४,२४,६००/- भुक्तानी गरिएको।
- समुदायस्तरमा नसर्ने रोगको खोजपड्ताल कार्यक्रम अन्तर्गत माडी -९ हनुमानझुलामा उक्त कार्यक्रम संचालन गरि सेवा दिइएको
- आयुर्वेद सेवा अन्तर्गत जनता संग जनप्रतिनिधि आरोग्य कार्यक्रम ( १ दिने आयुर्वेद स्वाथ्य शिविर ) माडी नगरपालिका वडा न. ९ हनुमानझुलामा सम्पन्न गरिएको ।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा अन्तर्गत संचालन भएका सेवा केन्द्रहरुबाट गत त्रैमासिकमा ३ हजार ४ सय ६८ जनालाई सेवा दिइएको ।
- माडी नगरपलिकामा आ. व. ०८२/८३ मा संचालन भएका स्वास्थ्य सेवाका सूचक हरुको अर्धवार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत गत आ.व. ०८१/८२ को समिक्षा कार्यक्रम सम्पन्न भएको ।

प्रविण भण्डारी
सूचना अधिकारी

- माडी नगरपालिका भित्र रहेका स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्ड मुल्यांकन कार्यक्रम सम्पन्न भएको ।
- भरतपुर आँखा अस्पतालसंगको सहकार्यमा माडी नगर भित्रका स्वास्थ्यसंस्थाका स्वास्थ्यकर्मीहरुलाई Portable Eye Examination Kit कार्यक्रम अन्तर्गत स्थानीय स्वास्थ्य संस्थाबाटै आँखाको समस्याको पहिचानका निमित्त मोबाइल बाट स्क्रिनिंग गर्नका लागि स्वास्थ्य कर्मीहरुलाई अभिमुखीकरण दिनुका साथै प्रत्येक स्वास्थ्य संस्थाहरुलाई मोबाईल हस्तान्तरण गरियो ।
- माडी नगरपालिका भित्र बस्ने ३० वर्ष उमेर समुह माथिका सम्पूर्णलाइ लामखुट्टेको टोकाईबाट हुने जापानिज इन्सेफलाईटिस रोग विरुद्धको विशेष जे.ई. खोप अभियानमा समावेश गरि १२ हजार ९ सय ५७ जनालाइ उक्त खोप सेवा दिइएको ।

**सामाजिक विकास तथा आर्थिक विकास तर्फ**

| क्र.सं. | अपाङ्ग परिचय पत्र वितरण | | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | चालु आ.व.को चैत्र मशान्त सम्म |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्ण अपाङ्गता रातो कार्ड | महिला | १२ | ९ | ८ | ७ | २ |
| | | पुरुष | १० | १८ | ११ | १३ | ३ |
| २ | अति अशक्त अपाङ्गता निलो कार्ड | महिला | ३० | ४४ | २६ | २४ | ६ |
| | | पुरुष | ४३ | ५७ | ४२ | ३१ | ७ |
| ३ | मध्यम अपाङ्गता पहेंलो कार्ड | महिला | ११ | १० | १५ | ६ | ३ |
| | | पुरुष | १४ | १३ | १५ | ५ | १ |
| ४ | सामान्य अपाङ्गता पहेंलो कार्ड | महिला | ९ | ११ | ७ | ५ | ० |
| | | पुरुष | १२ | १४ | १३ | ६ | ३ |
| जम्मा | | | १४१ | १७६ | १३७ | ९७ | २५ |

- लैङ्गगिक हिंशा बिरुद्दको १६ दिने अभियान सम्पन्न
- लैगिंक हिंशा पिडित तथा प्रभावितहरुका लागि कानुनी तथा मनोसामाजिक परामर्श कार्यक्रम सम्मपन्न
- अन्तराष्ट्रिय अपाङ्ग दिवसमा दिवसीय कार्यक्रम सम्पन्न

प्रवीण भण्डारी
सूचना अधिकारी

- नगर स्तरीय तथा वडास्तरीय बाल अधिकार समिति गठन तथा २ दिने कार्यशाला एवम् अभिमूखिकरण सम्पन्न
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन तथा समितिलाई अभिमुखिकरण गर्ने कार्य सम्पन्न
- अपाङ्ग समन्वय समितिको बैठक तथा परिचयपत्र वितरण कार्यक्रम नियमित रुपमा गरिएको तथा हनुमानझुलामा शिविर आयोजना गरी अपाङ्ग परिचयपत्र वितरण गरिएको
- बालिबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी कार्यविधि २०८२ अनुसार बालबालिकाको हितमा आवश्यक कार्य गरिएको
- दलित आयआर्जन लक्षित कार्यक्रम कार्यान्वियनको चरणमा रहेको

श्रम, रोजगार, सुरक्षित आप्रवासन तथा उद्यम विकास तर्फ

- वैदेशिक रोजगारी सम्वन्धी आर्थिक सहायता तथा स्वास्थ्य उपचार सहायता सहजीकरण १० जना हालसम्म प्राप्त जम्मा सहायता रकम रु.४०,५०,०००/-
- उद्यमशिलता प्रर्वद्धन कार्यक्रम सहभागी ६० जना
- वित्तिय साक्षरता कक्षा सञ्चालन लामो अवधीको
  दुइ समुहमा २१ हप्ता सञ्चालन ५७ जना
- वित्तिय साक्षरता कक्षा सञ्चालन छोटो अवधीको
  एक दिवशीय ४ वटा ११० जना
  तीन दिवशीय १ वटा २५ जना
- वैदेशिक रोजगारी तथा श्रम स्विकृती सम्वन्धी सहजीकरण ११३ जना

वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ

- विपद्जन्य आगलागी, हावाहुरीबाट भएका क्षती बिवरण संकलन गरी राहत बितरण
- जंगलीजनावरको आक्रमणबाट घाइतेहरुलाई उपचार तथा मृतकका परिवारलाई राहत बितरण
- दमकल परिचालन गरी आगलागी नियन्त्रण
- विभिन्न स्थानहरुमा सडक मर्मत तथा ड्याम निर्माण तथा सडक बत्ति जडान
- रेविज नियन्त्रणका लागि कुकुर बन्धाकरण शिविर
- बाढी नियन्त्रणका लागि बिभिन्न खोलाहरुका तटबन्धन
- नगरपालिकाका प्रत्यक घर घरमा पुगी फोहोर संकलन तथा ब्यवस्थापन
- फोहोरमैला ब्यवस्थापनको लागी ल्याण्डफिल्ड साइट छनोट तथा निर्माण
- टोल बिकास संश्थाहरु संग फोहोरमैला ब्यवस्थापन तथा सरसफाइ सम्बन्धी प्रत्यक वडाहरुमा अन्तरक्रिया कार्यक्रम
- विपद् ब्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी वडास्तरिय बिपद् ब्यवस्थान समिति , पालिका स्तरिय बिपद् व्यवस्थनपन समिति लगाएत सरोकारवाला हरु संग नियमित छलफल तथा अन्त्रक्रिया कार्यक्रम

प्रविण भण्डारी
सूचना अधिकारी

CamScanner

सहकारी, संघ संस्था तथा व्यवसाय दर्ता तर्फ

आ.व.२०८२/०८३ मा दर्ता भएका व्यवसाय संख्या- ६७

**१०) कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण**

कार्यालय प्रमुखको नाम: जगत प्रसाद भुसाल, प्रमुख प्रशासकीय अधिकृत, ९८५५०५०३०६

सूचना अधिकारीको नाम: प्रवीण भण्डारी, सूचना प्रविधि अधिकृत, ९८५५०१४०३६

**११) ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण**

चालू ३ महिनामा राजपत्रमा प्रकाशित विभिन्न ऐन नियमावली तथा कार्यविधि र मापदण्डहरुको विवरण

१. माडी नगरपालिकाको नगर प्रहरी सेवालाई व्यवस्थापन गर्न बनेको ऐन २०८२

२. माडी नगरपालिकाको विनियोजन ऐनलाई संसोधन गर्न बनेको ऐन २०८२

३. माडी नगरपालिकाको नगर प्रहरी छनौट सम्बन्धी मापदण्ड २०८२

४. घरदैलो स्वास्थ्य सेवा कार्यविधि २०८२

५. माडी नगरपालिका स्वास्थ्य संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि २०८२

६. भु उपयोग योजना

**१२) माडी नगरपालिकाको विनियोजन र खर्च**

| विवरण | विनियोजित रकम (रु.) | खर्च रकम (रु.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ६३,४६,१४,५४५.९७ | ३४,८२,८५,६८५.६० | ५४.८८ |
| पुँजिगत तर्फ | २९,२०,७४,००४.०० | ६,६९,१२,०७१.०८ | २२.९१ |
| जम्मा | ९२,६६,८८,५४९.९७ | ४१,५१,९७,७५६.६८ | ४४.८ |

प्रविण भण्डारी
सूचना अधिकारी

CamScanner

१३) राजश्व आम्दानी

| स्रोत | प्रस्तावित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|
| संघीय सरकार | ४७,७४,००,०००.०० | ३२,७४,६९,९२८.०० | ६८.५९ |
| प्रदेश सरकार | ८,०९,८७,०००.०० | ४,८२,६७,०६३.०० | ५९.५९ |
| राजश्व बाँडफाँड | २३,४१,५८,४४४.२९ | १३,६३,६५,८१०.९४ | ५८.२४ |
| आन्तरिक स्रोत | १३,४१,४३,१०५.६८ | ११,८०,०६,६४८.३४ | ८७.९७ |
| जम्मा | ९२,६६,८८,५४९.९७ | ६३,०१,०९,४५०.२८ | ६७.९९ |

१४) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण

www.madimunchitwan.gov.np

१५) सूचना माग सम्बन्धी विवरण

लिखित रुपमा सूचना माग भएको संख्या : नभएको

मौखिक रुपमा इमेल मार्फत् फेसबुक तथा विभिन्न सामाजिक संजालमार्फत् सूचना माग गर्ने सबै मागकर्तालाई सूचना उपलब्ध गराइएको

प्रविण भण्डारी
सूचना अधिकारी

डा. सन्तोष क्षेत्री
निमित्त प्रमुख प्रशासकीय अधिकृत

CamScanner